“सुन्दरहरैँचा, [illegible]को [illegible]”

# सुन्दरहरैँचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ

प्रदेश नं. १, मोरङ

# साप्ताहिक नगर कार्यक्रम

**मिति : २०७४/१०/20 देखि २०७४/१०/२६ सम्म सुन्दहरैँचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु**

प्रकाशन : **सुन्दरहरैंचा नगरपालिका**

नगरप्रमुखको सचिवालय

फोन नं. : ०२१-५४५८२२, ५४५०५० दमकल : ०२१, ५४६६६६

इमेल : sundarharaichamun.gov.np

वेवसाईट : http://www.sundarharaichamun.gov.np

"सुन्दरहरैंचा, विकासको बंगैचा"

# हाम्रो बारे

सुन्दरहरैंचा नगरपालिका कार्यालय सम्बन्धि तथ्यांक, अभिलेख, नगरक्षेत्र भित्र हुने विभिन्न कार्यक्रम तथा विविध सूचनाहरु एकीकृत गरी सार्वजनिक जानकारी गराउने उद्धेश्यले नगर साप्ताहिक जानकारी पुस्तिका तयार पारीएको हो । सुशासन तथा सूचनाको हक लगायतका विशेष ऐन नियमहरुबाट सबै सार्वजनिक निकायहरुले जनसरोकारका सूचनाहरु आम नागरिकहरुको पहुँचमा पुर्याउनु पर्ने गरी नेपाल सरकारले गरेको कानुनी व्यवस्था अनुरुप जनसरोकारका सार्वजनिक सूचनाहरु, कार्यक्रमहरु तथा विभिन्न निर्णयहरु पारदर्शी गराउने गहन जिम्मेवारी नगरपालिकामा रहेको छ । यसै जिम्मेवारीको निर्वाह गर्ने क्रममा नगरपालिकाको कार्यक्षेत्रमा रहेका विभिन्न एक साता भरी हुने कार्यक्रम तथा विभिन्न निर्णयहरुलाई सम्बन्धित सबैको जानकारीमा ल्याउने प्रयास यस पुस्तिकामा गरिएको छ ।

यस पुस्तिकामा रहेका जानकारीहरुले सार्ववजनिक निकायको विवरण सार्वजनिक गरि पारदर्शिता र उत्तरदायित्व वहन गर्ने दायित्व पुरा गर्ने पक्ष त छदैँछ साथै नगरपालिका र यस अर्न्तगतका पदाधिकारी र कर्मचारीहरुलाई सन्दर्भ सूचनाहरु उपलब्ध गराई कार्य सम्पादनमा सहजता ल्याउने उद्धेश्य राखिएको छ । साथै उपलब्ध सूचनाहरु नगरपालिकासँग सम्बद्ध आम नागरिक, जनप्रतिनिधि, सेवाग्राहि, विकासका साझेदारहरु र नगरपालिकाको विकास सम्बन्धि अध्ययन, अनुसन्धान र जानकारी राख्नेका लागि पनि उपयोगी हुने अपेक्षा राखिएको छ ।

“सुन्दरहरैंचा, विकासको बंगैचा”

# नगरपालिकाको नाम : सुन्दरहैंचा नगरपालिका

समावेश भएका साविक नगरपालिकाहरु : कोशीहरैंचा र सुन्दरदुलारी न.पा

जनसंख्या : ८०५६२

क्षेत्रफल : ११०.१६ वर्ग किलोमिटर

केन्द्र : साविक कोशीहरैंचा नगरपालिकाको कार्यालय

वडा संख्या : १२

सीमाना :

पूर्व : बेलबारी न.पा

पश्चिम : सुनसरी जिल्ला

उत्तर : केरावारी गा.पा

दक्षिण : ग्रामथाम, बुढीगंगा गा.पा

## वडा विभाजन

| वडा नं. | समावेश भएका साविक न.पा | साविक वडा नं. | केन्द्र | घरधूरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | कोशीहरैंचा (हरैंचा) | १३,१४,१५ | साविक हरैंचा गा.वि.स को कार्यालय | १५७१ | ६४८४ |
| २ | कोशीहरैंचा (मृगौलिया) | ८,१०,११ | साविक मृगौलिया गा.वि.स को कार्यालय | १६६६ | ६२५५ |
| ३ | सुन्दरदुलारी (दुलारी) | ८,९ | लक्ष्मिनारायण मन्दिरको सभाहल | १२९१ | ५७४९ |
| ४ | सुन्दरदुलारी (दुलारी) | १०,११ | साविक सुन्दरदुलारी न.पा को कार्यालय | १४४९ | ६२८४ |
| ५ | सुन्दरदुलारी (सुन्दरपुर) | ५,६ | तिनपैनी | १४४२ | ६२५५ |
| ६ | सुन्दरदुलारी (सुन्दरपुर) | ३,४,७ | साविक सुन्दरपुर गा.वि.स कार्यालय | १७४२ | ७५४० |
| ७ | सुन्दरदुलारी (सुन्दरपुर) | १,२ | ठढिया चौक | १५८४ | ७०११ |
| ८ | कोशीहरैंचा (मृगौलिया) | ९,१२ | सलकपुर चिरम स्मृती प्रतिष्ठान | १३३८ | ५२३८ |
| ९ | कोशीहरैंचा (ईन्द्रपुर) | २,३ | बुधबारे बजार क्षेत्र | १८१० | ८०२६ |
| १० | कोशीहरैंचा (ईन्द्रपुर) | १ | हातेमालो सहकारी स्थीत खोर्सानिमा | १९४१ | ९१२९ |
| ११ | कोशीहरैंचा (ईन्द्रपुर) | ५,६,७ | कर्जुना | १९८० | ७१४७ |
| १२ | कोशीहरैंचा (ईन्द्रपुर) | ४ | साविक कोशीहरैंचा न.पा कार्यालय | ११९१ | ५४४४ |
| जम्मा | | | | १९००५ | ८०५६२ |

“सुन्दरहरैंचा, विकासको बगैंचा”

## सुन्दरहरैंचा नगरपालिकामा २०७४ माघको तेस्रो हप्तामा (२०७४/१०/20 देखि २६ गते सम्म) भएको कार्यक्रमहरु

| सि.न | कार्यक्रम | मिति | स्थान | सरोकारवाला |
|---|---|---|---|---|
| १. | सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र रहेको लोकमार्ग तथा शाखा बाटोहरु अतिक्रमण गरी निर्माण सामाग्री तथा फुटपात पसल राख्ने गरेकोमा सो लाई व्यवस्थापन तथा नेपाल सरकारको मापदण्ड बमोजिम सडक CLEAR गर्नका लागि छलफल कार्यक्रम । ( उधोग वाणिज्य संघले सो कार्यको नेतृत्व लिई २०७४/१०/२७ गते देखिनै काम थालनी साथै १५ सदस्य टोलीको समेत गठन गरीएको) | २०७४□१०□२६ | हसिना बैठक कक्ष सुन्दरहरैंचा नगरपालिका कार्यालय | सुन्दरहरैंचा नगरपालिकाका नगर प्रमुख शिव प्रसाद ढकालज्यूको अध्यक्षतामा, उपमेयर धनमाया तामाङ तथा सबै वडाध्यक्ष तथा कोसीहरैंचा र सुन्दरदुलारी उधोग वाणिज्य संघ । |
| २. | ईन्द्रपुर स्वास्थ्य चौकीको नयाँ समिति गठन । | २०७४□१०□२६ | ईन्द्रपुर स्वास्थ्य चौकी बैठक कक्ष | रोशनप्रसाद ढकालज्यूको अध्यक्षतामा नगरप्रमुख प्रमुख अतिथी, उपमेयर विशिष्ट अतिथी तथा अन्य सरोकारवाला व्यक्तिहरु |
| ३ | नगरपालिकाका प्राविधिक कर्मचारीहरु सँग घरनक्सा निरिक्षण गर्न जाने विषय सँग सम्बन्धित विषयमा छलफल कार्यक्रम | २०७४□१०□२५ | नि. प्रमुख प्रशासकीय अधिकृतको कक्ष | पिताम्बर वस्तीको नेतृत्वमा नगरपालिकामा कार्यरत सम्पूर्ण प्राविधिक कर्मचारीहरु |
| ४ | विभिन्न वडाका वडा योजनाहरुको अनुगमन तथा निरिक्षण | | सबै वडाहरु | नगरप्रमुख शिवप्रसाद ढकाल, उपप्रमुख धनमाया तामाङ । |